"सुदृढ अभियान, सशक्त तथा सक्षम संघ"



# तेश्रो

## वार्षिक प्रतिवेदन

२०८० भाद्र २५ गते


# बागमती प्रदेश सहकारी संघ लिमिटेड

## Bagmati Province Cooperative Union Limited (BPCL)

ललितपुर-१५, महालक्ष्मीस्थान, फोन नं.: ०१-५५२०३२६

# संचालक समिति



**रामशरण शर्मा**
अध्यक्ष



**जगत लाल महर्जन**
वरिष्ठ उपाध्यक्ष



**सिता ढकाल**
उपाध्यक्ष



**भिम प्रसाद दाहाल**
महासचिव



**देवराज न्यौपाने**
सचिव



**टिकाराम भट्टराई**
कोषाध्यक्ष



**उद्धव सापकोटा**
सञ्चालक



**मेनुका घिमिरे दाहाल**
सञ्चालक



**अम्बिका कुमारी थापा**
सञ्चालक



**मन्दु थापा**
सञ्चालक



**बिमल कुमार ढकाल**
सञ्चालक



**दिपक जंगम**
सञ्चालक



**दुर्गा कार्की**
सञ्चालक



**कृष्ण प्र. तिमल्सिना**
सञ्चालक



**दुर्गा तिवारी संजेल**
सञ्चालक

सञ्चालक

## लेखा सुपरिवेक्षण समिति



**नेत्रराज पौडेल**
संयोजक



**लक्ष्मी गिरी**
सदस्य




**कुल प्रसाद देवकोटा**
सदस्य

## कर्मचारी व्यवस्थापन



**रूपक घिमिरे**
व्यवस्थापक



**सन्तोषी पौडेल**
स. अधिकृत

## Khalti मा पैसा Load गर्ने तरिका :

Step 1: आफ्नो सहकारीको App मा Login गर्नुहोस्
Step 2: “Load Wallet” मा ट्याप गरि Khalti छनौट गर्नुहोस्
Step 3: Khalti ID र पठाउने रकम राख्नुहोस्
Step 4: विवरण ठिक भएमा पैसा पठाउनुहोस्

---

## Khalti बाट सहकारीमा पैसा पठाउने तरिका :

Step 1: Khalti को Homescreen मा रहेको “Send Money” मा जानुहोस्
Step 2: “Send to Coop” मा ट्याप गर्नुहोस्
Step 3: सहकारीको सबै विवरण भर्नुहोस्
Step 4: “Proceed to pay” मा ट्याप गरि पैसा पठाउनुहोस्

khalti.com

CoSys | khalti

# 300+ सहकारीबाट पैसा पठाउन र पाउन **Khalti** छ नि !




आजै Khalti App डाउनलोड गर्नुहोस्।

Google Play

App Store

Silver Lining Private Limited is a Data Centre & Managed Services Company that provides a complete suite of Managed Cloud, Data Centre and Disaster Recovery products with Managed Services to the Private / Public / Government Sectors.

**"Answering the Technology needs of the Nation"**






- **Managed Private Cloud**
- **Public Cloud**
- **Web and Email Hosting**
- **Storage/Software as a Service (SaaS)**
- **NOC/SOC Solutions**













CORE TECHNOLOGY PARTNERS

Hewlett Packard Enterprise

vmware

paloalto NETWORKS

aspl info Experience surety

ISO 9001:2015

ISO 27001

ISO 20000

CONTACT

**Silver Lining Private Limited**
2nd Floor, Mercantile Communication
Narayanhiti Path (Behind Hitti Pokhari)
Durbar Marg, Kathmandu, Nepal
Tel: +977-1-4525221
Email: info@silverlining.com.np
Website: www.silverlining.com.np

**Mr. Sameer Shrestha,**
Business Development Manager
M: 9801904804
E-mail:
sameer.shrestha@silverlining.com.np

# बागमती प्रदेश सहकारी संघ लिमिटेड
Bagmati Province Cooperative Union Limited (BPCL)

## विषय-सूची		पाना नं.


१. तेश्रो वार्षिक साधारणसभामा उपस्थितिको लागि पत्र ........ २

२. संघको संक्षिप्त परिचय ........ ३

३. अध्यक्षज्यूले प्रस्तुत गर्ने मन्तव्य ........ ४ - ६

४. सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन र आगामी कार्यक्रम ........ ७ - १२

५. सञ्चालक समितिको तर्फबाट प्रस्तुत कार्यक्रम तथा बजेट ........ १३ - १५

६. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन ........ १६ - १८

७. लेखा परीक्षण प्रतिवेदन ........ १९-३२

८. उपसमितिको नामावली ........ ३३-३४

९. श्रद्धाञ्जली पत्र ........ ३५

१०. टिपोट ........ ३६

"सुदृढ अभियान, सशक्त तथा सक्षम संघ" दर्ता नं. ०००१/२०७७/०७८

# बागमती प्रदेश सहकारी संघ लिमिटेड
# Bagmati Province Cooperative Union Limited (BPCL)

च.नं. २९/०८०/८१ मिति :२०८०/०४/२०

श्री अध्यक्षज्यू,
संघमा आबद्ध सम्पूर्ण सदस्य सहकारी सघं/संस्थाहरू

**बिषय : तेश्रो वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

यस सघंको मिति २०८० श्रावण ४ गते बसेको संयुक्त बैठकको निर्णयानुसार निम्न प्रस्तावहरू उपर छलफल एवं निर्णय गर्नका लागि संघको तेश्रो वार्षिक साधरणसभा निम्न मिति, समय र स्थानमा हुन गईरहेकाले उक्त सभामा सहभागिताको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**कार्यक्रमः**

मिति : २०८० भाद्र २९, शुक्रबार
समय : बिहान ११ बजे
स्थान : डिलाइट पार्टी भेन्यू , महालक्ष्मीस्थान, ललितपुर ।

**प्रस्तावित विषयहरूः**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल एवं पारित गर्ने सम्बन्धमा ।
२. लेखा सुपरीवेक्षण समितिद्धारा प्रस्तुत प्रतिवेदन उपर छलफल एवं पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन प्रस्तुत गरि पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०८०/०८१ को संशोधित र आ.व. २०८१/०८२१ को अनुमानित कार्यक्रम तथा बजेट उपर छलफल एवं पारित गर्ने सम्बन्धमा ।
५. आ.व. २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नको लागि सदस्यहरूको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
७. विविध

**पुनश्चः** साधारण सभामा भाग लिन आउने प्रतिनिधिहरूले (अघिल्लो साधारण सभामा मनोनयन भएका प्रतिनिधिहरू परिवर्तन भएमा मात्र) प्रतिनिधि मनोनयन पत्र संघको कार्यालय वा संघको इमेल bpcoul077@gmail.com मार्फत् बुझाउनु पर्नेछ ।

**भिमप्रसाद दहाल**
महासचिव


ललितपुर महानगरपालिका – १५, महालक्ष्मीस्थान, ललितपुर, फोनः ०१–५५२०३२६
Email: bpcoul077@gmail.com

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

ललितपुर महानगरपालिका वडा नं. १५, महालक्ष्मीस्थान, ललितपुर, नेपाल

**संघको परिकल्पना:**

"सुदृढ अभियान, सशक्त तथा सक्षम संघ"




**संघको ध्येय:**

"सहकारी मूल्य, मान्यता र सिद्धान्तका आधारमा सदस्य संघ संस्थाहरूको प्रवर्द्धन र सर्म्वद्धनद्वारा व्यवस्थित गरी प्रविधियुक्त र मर्यादित व्यवसाय बनाउँदै स्तरोन्नति गर्ने ।

**संघको उद्देश्य:**

(क) सहकारी मूल्य मान्यता एवं सिद्धान्तको पालना गर्दै सदस्य संस्थाहरूको विकास, प्रवर्द्धन, संवर्द्धन एवं विस्तार गर्ने ।

(ख) सदस्य संस्थाहरूको हकहितका लागी बहस पैरवी, सहकारी शिक्षा, तालिमको आयोजना गर्ने ।

(ग) सदस्य संस्थाहरूको संस्थागत विकास तथा संस्थागत सुशासन कायम गर्नका लागि निरन्तर अनुगमन, प्रशिक्षण तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सन्चालन गर्ने ।

(घ) प्रदेशको सहकारी अभियानलाई प्रभावकारी ढंगमा अगाडी बढाउनका लागि स्थानिय, प्रदेश तथा राष्ट्रिय स्तरका संघ संस्था तथा सम्बन्धित अन्य निकायहरू बीच समन्वय एवं सम्बन्ध कायम गर्ने ।

(ङ) सदस्य संस्थाहरूको माध्यमबाट व्यक्ति, समुदाय, समाज र राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक एवं वातावरणीय विकासका लागि सहयोग पुऱ्याउने ।

(च) संघको आवश्यकताको आधारमा बैंक तथा वित्तीय संस्थाहरूसंग ऋण लिने ।

# बागमती प्रदेश सहकारी संघ लिमिटेडको तेश्रो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको मन्तव्य



यस संघको गरिमामय तेश्रो वार्षिक साधारणसभाको प्रमुख आतिथ्यता ग्रहण गर्नु हुने माननिय मन्त्रीज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका साथिहरु, संघको विभिन्न उप समितिमा रहनुभएका सदस्यज्यूहरु र विभिन्न जिल्लाका संघ/संस्थाहरुबाट प्रतिनिधित्व गर्दै आउनु भएका सम्पूर्ण प्रतिनिधि साथीहरु तथा संचारकर्मी मित्रहरु सम्पूर्णमा संचालक समितिको तर्फबाट हार्दिक स्वागत् एवम् न्यानो सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु।

सर्वप्रथम यस संघका सञ्चालक समितिका सदस्य विपिन शर्मा मिश्रको गत श्रावण महिनाको १६ गते भएको असामयीक निधनप्रति संघ र मेरो व्यक्तिगत तर्फबाट हार्दिक श्राद्धाञ्जली अर्पण गर्दै परिवारजनमा समवेदना प्रकट गर्न चाहन्छु।

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघीयता सहितको राज्य, सोहि अनुसारको व्यवस्था र सहकारी ऐन २०७४ बमोजिम सहकारी अभियानलाई व्यवस्थित गर्न बनेको ऐन अनुसार देशकै पहिलो प्रदेश सहकारी संघको रुपमा बागमती प्रदेश सहकारी संघ लिमिटेड दर्ता भई यसले नियमित रुपमा सहकारी अभियानमा वहस पैरवी गर्नुका साथै आफ्ना छाता भित्र रहेका प्राराम्भिक संस्थाहरु देखि विषयगत संघहरु तथा जिल्ला संघहरुको क्षमता अभिवृद्धिका क्रियाकलापहरु सञ्चालन गर्ने ध्येय लिई स्थापना भएको व्यहोरा अवगत गराउन चाहान्छु। साथै यो संघ भर्खर स्थापनाको तेश्रो वर्ष पार गरि चौथो वर्षमा पाईला टेक्दै गरेको अवस्थामा रहेको र यसले सहकारीसँग सम्बन्धित विभिन्न निकाय र अंगहरुसँग सहकार्य गर्दै अगाडी बढी रहेको छ। वर्तमान समयमा सहकारी अभियान जटिल अवस्थाबाट गुज्रिरहेको छ। एकातिर विश्वव्यापी आर्थिक मन्दीले गाँजिरहेको छ भने अर्कोतिर मुलुकभित्रै अर्थतन्त्रमा आएको संकुचनले गर्दा सहकारी, निजी सहित सम्पूर्ण क्षेत्रमा नकारात्मक असर पारिरहेको छ। सहकारी अभियानलाई मजबुत बनाउनका लागि राज्य पक्षबाट जुन किसिमको कार्ययोजनाको अपेक्षा गरिएको थियो त्यो हालसम्म पनि पुरा हुन सकिरहेको छैन। सहकारी क्षेत्रमा वर्तमान समयमा देखिएका कतिपय घटनाक्रमहरुले हाम्रो सहकारी अभियान पनि सुध्रिनुपर्ने प्रशस्तै ठाउँहरु देखाएको छ। त्यस्ता ठाउँहरुको पहिचान भईसकेपछि त्यसलाई सुधार गरेर अघि बढ्नुको विकल्प छैन। सहकारी क्षेत्रमा सुधार गर्दै पहिलेको अवस्थामा पुऱ्याउनका लागि सदस्यहरुको माझमा गएर सहकारी शिक्षाको माध्यमबाट सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने अभिभारा अभियानको काँधमा छ। खासगरि पछिल्लो समयमा सहकारीबाट अत्याधिक मात्रामा बचत फिर्ता हुने र नयाँ बचत न्यून मात्रामा भित्रिने प्रवृति बढेको छ, जसको कारण तरलतामा कमी आई सहकारीहरुले सोचे अनुसारले कारोबारमा वृद्धि गर्न सकिरहेका छैनन्।

सहकारी संघ/संस्थाहरुलाई राहत पुग्ने र सुशासन कायम गर्ने किसिमका कार्ययोजनाहरु बनाई नियामक निकायसँगको सहकार्यमा यस संघले चालू आर्थिक वर्षदेखि निरन्तर रुपमा अनुगमन, निरीक्षण तथा तथ्यांक र सुझाव संकलन गर्ने योजना बनाएको छ। बागमती प्रदेशभित्रका १३ वटा जिल्लाका सहकारीहरुको आ-आफ्नै प्रकारका विशेषताहरु रहेका छन्। काठमाण्डौ उपत्यकाभित्रका सहकारीहरुमा एक किसिमको अवस्था छ भने उपत्यका बाहिरका सहकारीहरुमा त्यो भन्दा भिन्न अवस्था छ। त्यसकारण जिल्लागत आवश्यकताको

आधारमा त्यहाँका संघ/संस्थाहरु र पालिकासँगको समन्वय र सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्दै सहकारी अभियानलाई सुदृढ र सक्षम बनाउने योजना संघले लिएको व्यहोरा यहाँ राख्न चाहन्छु। संघको अग्रसरतामा विभिन्न जिल्लाहरुमा समसामयीक विषयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरि त्यहाँका सहकारी संघ/संस्थाहरुको समस्या पहिचान गरि समाधानका लागि पहलकदमी गर्ने कार्य भएको छ। जिल्ला संघहरु, विषयगत प्रदेश तथा जिल्ला संघहरु र प्रारम्भिक संस्थाहरुको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्दा प्रभावकारी हुने देखिएको हुनाले यस्तो प्रकृतिको कार्यक्रम प्रदेशभित्रका १३ वटै जिल्लामा गर्दै जाने प्रतिबद्धता पनि जनाउन चाहन्छु।

हाल देखिएको सहकारीको समस्या समाधान गर्नका लागि नेपाल सरकारले गठन गरेको सहकारी समस्या समाधान सुझाव कार्यदलले समस्याको समाधानका लागि दिएको सुझाव पक्कै पनि सहकारीको यथावस्थाबाट माथि उठाउनका लागि कोशेढुङ्गा सावित हुनेछ भन्ने अपेक्षा व्यक्त गर्न चाहन्छु। मुलुकले संघीय व्यवस्था अपनाएपछि सोहि अनुरुपको राज्य सञ्चालनका तहहरु निमार्ण गर्दै जाने क्रममा प्रदेश तहको नियमन गर्नका लागि प्रादेशिक कार्यालय स्थापना गर्ने क्रममा बागमती प्रदेश सहकारी महाशाखाबाट प्रदेशभित्र कार्यक्षेत्र भएका सहकारी संघ/संस्थाहरुको नियमन गर्ने गरि संरचना निर्माण भएको छ। त्यसैगरि प्रदेशभरि नै कार्यक्षेत्र रहनेगरि दर्ता भएको यो संघले प्रदेश सहकारी महाशाखासँग समन्वय गर्दै सहकारीहरुको विकास र प्रवर्द्धनका लागि विभिन्न कार्यहरु गर्दै आईरहेको छ, जुन कार्यक्रम  सीमित मात्रामा भएको हुनाले यसलाई वृद्धि गराउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ। यहाँ माननिय मन्त्रीज्यू स्वयं उपस्थित हुनुहुन्छ, म उहाँलाई यसै सभा मार्फत् थप सहकार्य र साझेदारी गर्दै अगाडी बढ्नका लागि आग्रह गर्न चाहन्छु। खासगरि प्रदेशभित्र कार्यक्षेत्र भएका सहकारीहरुको अनुगमन, निरीक्षण र लेखापरीक्षण गर्नका लागि बनेको मापदण्ड २०७९ लाई यथाशक्य छिटो कार्यान्वयन गर्दै अगाडी बढ्नुपर्ने देखिन्छ। यसबाट कम्तिमा सहकारीहरुको यथार्थ अवस्था पत्ता लगाई जहाँबाट समस्याको शुरुवात भएको हो, त्यहींबाट सुधार गर्नका लागि मार्ग प्रशस्त हुनेछ र समस्या न्यूनीकरणमा मद्धत पुग्नेछ।

बागमती प्रदेशभित्र छाता संघको रुपमा यो संघ र हालसम्म दुईवटा मात्र विषयगत संघहरु बचत तथा ऋण संघ तथा कृषि संघ रहेका छन्। बचत तथा ऋणको कारोबार नगर्ने हुनाले छाता संघको कारोबारको आकार तुलनात्मक रुपमा सानो देखिन गएको भए तापनि सहकारी संघ/संस्थाहरुको विकास र प्रवर्द्धनका लागि यसले थुप्रै क्रियाकलापहरु सञ्चालन गर्दै आएको कुरा सर्वविदितै छ। प्रदेश स्तरका विषयगत संघहरुसँगको सहकार्यमा विभिन्न तालिम, गोष्ठी तथा सेमिनारहरुको माध्यमबाट सहकारी शिक्षा प्रदान गर्दै आईरहेको र आगामी दिनहरुमा पनि थप कार्यक्रमहरु गर्दै जाने योजना संघले बनाएको छ। छाता संघ सबल र सक्षम भएको खण्डमा मात्र सहकारी अभियान चुस्त र छरितो रुपमा बढ्न सक्ने भएकोले गर्दा बागमती प्रदेशभित्र रहेका सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई यसमा आबद्ध भएर अभियानप्रति ऐक्यबद्धता जनाउनुहुनका लागि म यसै सभा मार्फत हार्दिक अपिल गर्न चाहन्छु। सहकारीको प्रदेशस्तरको संरचना स्थानीय, जिल्ला र केन्द्रस्तरको संरचनाको बिचमा रहेर मध्यस्थस्तरको क्रियाकलाप सञ्चालन गर्ने ठाउँमा रहेको हुँदा यसले अन्य सबै तहको कार्यक्रम सञ्चालन गर्न सक्ने हुन्छ। अत : यो संघले केन्द्रीय संघहरु र जिल्ला संघहरुसँगको सहकार्यमा कार्यक्रमहरु सञ्चालनका लागि योजनाबद्ध रुपले अगाडी बढेको छ। छाता संघले निर्वाह गर्नुपर्ने भूमिका सकेसम्म आर्थिक, प्रशासनिक र अन्य विभिन्न प्रकारले बहन गर्नका लागि संघ दृढ प्रतिबद्ध छ। सदस्यहरुलाई सहज, सुलभ तथा न्यून लागत वा निःशुल्क रुपमा संघबाट प्रदान गरिने सेवा तथा सुविधाहरु प्रदान गर्नका लागि संघ कटिबद्ध रहेको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु।

मुलुकले अंगिकार गरेको संघीयताको मुख्य बिन्दुमा रहेको प्रादेशिकस्तरको संरचना र सोही संरचना बमोजिम गठित यो संघ संविधान तथा ऐन कार्यान्वयनको मुख्य बहनकर्ता पनि हो । अहिले मुलुकमा कतिओटा तहका सहकारी संघहरु रहने भनेर बहस भईरहेको अवस्थामा देशको संविधानले नै तीन तहको सरकार रहनेगरि प्रष्ट रुपमा गरेको व्यवस्था र सहकारी ऐन २०७४ र नियमावली २०७५ तथा बागमती प्रदेश सहकारी ऐन र नियमावली २०७६ अनुरुप गठन भएको बागमती प्रदेश सहकारी संघको महत्व र आवश्यकता आज भन्दा भोली झन्झन् बढ्दै गईरहेको हुनाले यसको औचित्य पुष्टि हुनेछ भन्न चाहन्छु र यसमा अलिकति पनि तलमाथि नहुने कुरामा ढुक्क हुनका लागि सदस्य संघ/संस्थाका प्रतिनिधिका साथै सम्पूर्ण सहकारीकर्मी मित्रहरुमा म आग्रह गर्न चाहन्छु। बागमती प्रदेशमा देशको संघीय राजधानी समेत रहेकाले यो प्रदेश र यस भित्र रहेका संघ/संस्थाहरुको भूमिका अझ बढि हुनेछ। प्रदेशको छाता संघको रुपमा रहेको बागमती प्रदेशले सहकारी अभियानलाई व्यवस्थित रुपमा संचालन र व्यवस्थापन गर्नका लागि संघीय सरकार, प्रदेश सरकार तथा विभागीय मन्त्रालय र सरोकारवाला निकायहरुसँग समन्वय गरी यहाँ रहेका प्राम्भिक सहकारी संस्थाहरु, विषयगत जिल्ला संघहरु, जिल्ला संघहरु र विषयगत प्रदेश सहकारी संघ तथा संस्थाहरुको स्तर उन्नती र विकासका लागि आवश्यक सहयोग गर्ने लगायत यस प्रदेशको १३ वटा जिल्लाका ११९ वटै पालिकाहरुसँग समन्वय गरी सहकारी संस्थाहरुको दीगो विकासका लागि सहयोग गरिने छ।

अन्त्यमा,

संघको गतिशिलातामा तीब्रता ल्याई संघलाई मजबुत बनाउनका लागि सहयोग गर्नुहुने, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, प्रदेश सरकार सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, प्रदेश सहकारी विकास बोर्ड,अग्रज सहकारी अभियान्ताहरु र सदस्य संघ/संस्थाहरुप्रति हार्दिक कृतज्ञता एवम् आभार व्यक्त गर्दछु। आजको यस गरिमामाय तेश्रो वार्षिक साधारण सभालाई सफल पार्न हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि माननिय मन्त्रिज्यू, अन्य अतिथिज्यूहरु र सम्पूर्ण उपस्थित महानुभावहरु, शुभचिन्तकहरु, सञ्चालक, लेखा समिति, सम्पूर्ण उप समिति र सञ्चारकर्मीहरुमा कृतज्ञता ज्ञापन गर्दै यस सभालाई सफल बनाउन हौसला प्रदान गर्नुहुने उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद् ज्ञापन गर्दछु।

**धन्यवाद ! जय सहकारी !**

**रामशरण शर्मा घिमिरे**

अध्यक्ष

# बागमती प्रदेश सहकारी संघ लिमिटेडको तेश्रो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन र आगामी कार्यक्रम



यस गरिमामय तेश्रो वार्षिक साधारण सभाका श्रद्धेय अध्यक्षज्यू, प्रमुख अतिथि माननिय मन्त्रीज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका मित्रहरु, विभिन्न उप समितिका सदस्यज्यूहरु र विभिन्न जिल्लाका संघ/संस्थाहरुको प्रतिनिधित्व गर्दै आउनु भएका प्रतिनिधिज्यूहरु तथा सम्पूर्णमा सर्वप्रथम व्यस्त समयका बाबजुद पनि उपस्थित भई साधारण सभाको गरिमा बढाइदिनु भएकोमा सम्पूर्णमा हृदय देखी आभार ब्यक्त गर्न चाहन्छु ।

बागमती प्रदेशभित्र रहेका प्रदेशस्तर र सो भन्दा मुनिका सम्पूर्ण प्रकृतिका सहकारी संघ तथा संस्थाहरुको छाता संघको रुपमा वि.सं. २०७७ श्रावण १३ गतेका दिन यो संघको स्थापना भएको हो । स्थापनाको बखत कोभिड १९ को महामारीले गर्दा सहकारी क्षेत्र लगायत सम्पूर्ण क्षेत्र अस्तव्यस्त भइरहेको अवस्थाबाट गुज्रन बाध्य भएको संघले मन्द गतिमै भए पनि आफ्नो लय समाउँदै आजको दिनसम्म आईपुगेको छ । म संघलाई यहाँसम्म ल्याईपुऱ्याउनका लागि प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुमा यसै सभा मार्फत् हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । सहकारी क्षेत्रको वर्तमान समस्याले गर्दा एक किसिमको नैराश्यता देखिएको भए तापनि त्यसबाट मुक्त हुनका लागि अभियानकै मुख्य भूमिका रहने हुनाले फेरी पनि सम्पूर्ण सहकारीकर्मी मित्रहरु एकताबद्ध भई हातेमालो गर्नुको विकल्प देखिदैन । खासगरि सहकारी मार्फत मुलुकको अर्थतन्त्रमा विशेष योगदान रहने गरेको कुरालाई मध्यनजर गर्दै संविधानमा नै निजी, सार्वजनिक र सहकारी गरि तीनखम्बे अर्थनीति लिएको अवस्थामा सहकारी क्षेत्रमा समय समयमा आउने गरेको समस्याहरुको समाधानमा सम्बन्धीत निकायको उदासीनताले गर्दा कहिं न कहिं नकारात्मक असर पुगेकै छ। सहकारीमा सर्वसाधारण जनताले प्रत्यक्ष रुपमा जोडिन पाउने भएको कारण यो जनतासँग सबैभन्दा नजिकको संस्था हो । सहकारीमा रहेर आर्थिक, सामाजिक, साँस्कृतिक र विविध क्षेत्रमा सबल र सक्षम हुनका लागि मद्धत पुग्ने भएको कारणले गर्दा यो क्षेत्र अति नै महत्वपूर्ण र आवश्यक क्षेत्र हो। "एकका लागि सबै र सबैका लागि एक" भन्ने मूल मन्त्रबाट विकसित भएको सहकारी अभियानको माध्यमबाट आज समाज, राज्य र सिङ्गो विश्वले धेरै प्रगति गरेको थुपै उदाहरणहरु पाउन सकिन्छ। अन्य प्रदेशहरुको दाजोमा यस प्रदेशमा सहकारी अभियानलाई चलायमान र गतिशिल बनाउनको लागि यो संघ दृढ प्रतिज्ञा गरेर अगाडि बढिरहेको छ। त्यसैले यस सभा मार्फत म सम्पूर्ण सहकारीकर्मी महानुभावहरुमा हाम्रो यो अभियानमा सँगसँगै हातेमालो गर्नको लागि हार्दिक अपिल गर्न चाहान्छु।

**श्रद्धेय अध्यक्षज्यू लगायत उपस्थित महानुभावहरु,**

**अब म संघले आ.व. २०७९।०८० मा सञ्चालन गरेका कार्य प्रगति विवरण बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

## १. सदस्य विस्तार

आर्थिक मन्दी र सहकारी क्षेत्रमा देखिएको तरलता अभावको कारणले गर्दा अपेक्षाकृत रुपमा सदस्यता वृद्धि गर्न कठीनाई भईरहेको परिप्रेक्षमा हालसम्म सदस्य संख्या ३३५ पुगी क्रमिक रुपमा सदस्यता विस्तार भई रहेको छ।

## २. कार्यालय, कर्मचारी तथा सञ्चार व्यवस्थापन

### क) कार्यालय व्यस्थापन

यसभन्दा अघि ललितपुर महानगरपालिका वडा नं. १५, सुमेरु मार्ट, सातदोवाटोमा कार्यालय रहेकोमा २०७९ माघ ५ गतेदेखि ललितपुर महानगरपालिका-१५, महालक्ष्मीस्थानमा रहेको जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको भवनमा कार्यालय स्थानान्तरण गरि व्यवस्थापन गरेको छ।

### ख) व्यवसाय दर्ता

संघको कार्यालय रहेको ललितपुर महानगरपालिका, वडा नं. १५ को वडा कार्यालयमा संघको व्यवसाय दर्ता गर्ने कार्य सम्पन्न भएको छ।

**ग) कर्मचारी व्यवस्थापन**

दैनिक कार्य सञ्चालन र व्यवस्थापनका लागि देहाय अनुसारका कर्मचारीहरुको नियुक्ति गरि कार्यसञ्चालन गर्दै आईरहेको छ :

| क्र.स. | पद | संख्या | नियुक्त मिति |
|---|---|---|---|
| १. | व्यवस्थापक | १ | २०७९ श्रावण १ |
| २. | सहायक अधिकृत | १ | २०७९ चैत्र १ |

**घ) सफ्टवेयरको व्यवस्था**

संघले आफ्नो दैनिक कारोबारलाई व्यवस्थित गर्नका लागि संघको प्राविधिक सहयोगी पायोनियर एसोसियटसँगको सहकार्यमा (NexGen CoSys) सफ्टवेयरको प्रयोग गर्दै आईरहेको छ। सदस्यहरुको व्यवस्थित रुपमा तथ्यांक प्रविष्टि गरि कारोबारमा सहजता ल्याउनका लागि सफ्टवेयरको प्रयोगले सहजता प्रदान गरेको छ।

**ङ) सूचना तथा सञ्चार प्रविधिको व्यवस्था**

आधुनिक समय अनुकूल प्रविधि र साधनको प्रयोग मार्फत् संघको कार्यसञ्चालन व्यवस्थित बनाउनका लागि प्राविधिक सहयोगीको रुपमा पायोनियर एसोसिएट्स प्रा.लि. लाई नियुक्त गरि उक्त कम्पनीसँगको साझेदारी र सहकार्यमा प्राविधिक कार्यहरु सञ्चालन गरिएका छन्। संघले निम्न बमोजिमको प्रविधिको प्रयोग मार्फत् सूचना तथा सञ्चारको सम्प्रेषण गर्दै आईरहेको छ :

अ) समाजिक सञ्जालको बढ्दो प्रयोगलाई ध्यानमा राखेर संघले सञ्चालन गरेका विभिन्न गतिविधि र क्रियाकलापहरुको निरन्तर रुपमा सूचना तथा जानकारी सदस्यहरुलाई गराउनका लागि संघले (http://www.facebook.com/bagamatipradesh) को फेसबुक पेज निर्माण गरि सो मार्फत् अद्यावधिक गर्ने गरिएको छ।

आ) संघका सदस्य संघ/संस्था, नियामक निकाय, साझेदार तथा सरोकारवाला र वर्तमान विश्वव्यापी सञ्जाललाई सूचना र जानकारीको पहूँचमा राख्नका लागि वेवसाइट (http://bpcl.com.np) को विकास गरिएको छ। संघका विविध गतिविधि तथा कार्यक्रमहरु वेवसाईट मार्फत् विश्वका जुनसुकै स्थानबाट पनि सहज रुपमा हेर्न सकिने व्यवस्था गरिएको छ।

**३. बैठकहरु :**

आवश्यकता अनुसार भौतिक र भर्चुअल दुवै माध्यमबाट संघका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र विभिन्न उप समितिहरुको बैठक निम्न बमोजिम बसेका छन् :

| क्र.स. | समिति/उप समितिको नाम | बैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति | १२ |
| २. | लेखा सुपरीवेक्षण समिति | ४ |
| ३. | अन्तर लगानी तथा असूली उप समिति | २ |
| ४. | शिक्षा तथा तालिम उप समिति | १ |
| ५. | सदस्यता विस्तार उप समिति | १ |
| ६. | नीति निर्माण उप समिति | १ |
| ७. | अनुगमन उप समिति | १ |

| क्र.स. | समिति/उप समितिको नाम | बैठक संख्या |
|---|---|---|
| ८. | महिला सशक्तिकरण उप समिति | १ |
| ९. | सूचना, संचार तथा प्रकाशन उप समिति | १ |
| १०. | व्यवसाय प्रवर्द्धन उप समिति | १ |
| ११. | संघ/संस्था सुदृढीकरण उप समिति | १ |
| १२. | युवा परिचालन उप समिति | १ |
| १३. | सहकारी प्रवर्द्धन उप समिति | १ |
| | | |

**४. शिक्षा तथा तालिम कार्यक्रम**

संघले सदस्य संघ/संस्थाहरुको माग र आवश्यकताको आधारमा विभिन्न किसिमका अभिमुखीकरण तथा तालिम कार्यक्रमहरु सञ्चालन गरि सहकारी शिक्षा प्रदान गर्दै आईरहेको छ। खासगरि सहकारी सञ्चालनका आधारभूत पक्षदेखि लिएर एडभान्स किसिम सम्मका तालिम कार्यक्रमहरु संघले गर्ने गरेको छ। वित्तीय साक्षरता वृद्धि गरि सुशासन कायम गराउनका लागि संघले आ. व. २०७९/०८० मा गरेका केही तालिम कार्यक्रमहरु यसप्रकार रहेका छन् :

**क) आन्तरिक श्रोतबाट सञ्चालित कार्यक्रमहरु**

| क्र.स. | तालिमको नाम | सञ्चालन मिति | स्थान | उपस्थिति | | |
|---|---|---|---|---|---|---|
| | | | | संघबाट | संस्थाबाट | जम्मा |
| १. | कोपोमिस तालिम | २०७९/०५/१८ | ललितपुर | १ | ५२ | ५३ |
| २. | कोपोमिस तालिम | २०७९/०६/०८ | भक्तपुर | ० | ५० | ५० |
| ३. | कर्मचारी क्षमता अभिवृद्धि तालिम | २०७९/१०/२६ | ललितपुर | १ | १९ | २० |

**ख) बागमती प्रदेश सहकारी विकास बोर्डसँगको साझेदारीमा सञ्चालित कार्यक्रमहरु**

| क्र.स. | तालिमको नाम | सञ्चालन मिति | स्थान | उपस्थिति | | |
|---|---|---|---|---|---|---|
| | | | | संघबाट | संघबाट | संघबाट |
| १. | आधारभूत सहकारी व्यवस्थापन तालिम | २०७९/१२/२५ देखी ३० सम्म | ललितपुर | ५ | २५ | ३० |

### ५. अन्तरक्रिया/गोष्ठी

| क्र.सं. | कार्यक्रम | मिति | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | सहकारी संचालनको असल अभ्यासमा अध्यक्ष र व्यवस्थापनको भूमिका | २०८०/०४/२७ | धादिङ | १०० जना |
| २. | सहकारी सञ्चालनको असल अभ्यासमा सुशासनका आयामहरु र व्यवहारिक प्रयोग | २०८०/०५/०८ | चितवन | १५० जना |

### ६. उप-समिति निर्माण

संघको सञ्चालक समिति र लेखा समितिमा जिल्ला संघहरुको मात्र प्रतिनिधित्व भएकाले उप समितिमा प्रारम्भिक संस्थाहरुलाई समेत समावेश गर्ने नीति बमोजिम उप समितिहरु गठन गरि पूर्णता दिने कार्य गरिएको छ।

### ७. संघका कार्यविधि, विनियमावली र निर्देशिकाहरु

सहकारी ऐन र नियामावली बमोजिम संघको कार्य सञ्चालन व्यवस्थित रुपले गरी प्रभावकारीताका साथ संघको गतिविधि सञ्चालन गर्नको लागि हालसम्म निम्न अनुसार कार्यविधि, विनियामवली, निति तथा निर्देशिकाहरु पारित गरी कार्यान्वयनमा ल्याईएका छन् :-

- बैठक सञ्चालन कार्यविधि, २०७८
- आर्थिक प्रशासन विनियमावली, २०७८
- कर्मचारी प्रशासन विनियमावली, २०७८
- उप समिति गठन तथा सञ्चालन कार्यविधि, २०७८
- निर्वाचन निर्देशिका, २०७८
- अन्तर लगानी तथा असूली नीति, २०८०
- सम्मान तथा प्रोत्साहन नीति, २०८०

### ८. स्थापना दिवस कार्यक्रम

संघको तेश्रो स्थापना दिवस वि.सं. २०८० श्रावण १३ गते काठमाण्डौको बुढानिलकण्ठ नगरपालिका, वडा नं. २, भंगालमा रहेको कालिका पार्कमा बृहद् वृक्षारोपण गरेर मनाइएको थियो। जसमा १५ प्रजातीका १०० भन्दा बढी फलफुलका बोटविरुवाहरु रोपिएको थियो भने सो क्षेत्रका सम्पूर्ण जनप्रतिनिधिहरु र सहकारी अभियन्ताको बाक्लो उपस्थिति सहित १७० जनाको उस्थितिमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो।

## ९. सहकारी अभियानमा सहभागिता

राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, केन्द्रीय संघहरु, प्रदेश संघहरु, जिल्ला संघहरु र प्रारम्भिक सस्थाहरुको साधारण सभा, गोष्ठी, छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरुमा संघका विभिन्न पदाधिकारीहरुको सहभागीता भएको छ, साथै सरकारी तथा गैर सरकारी निकायहरुको कार्यक्रमहरुमा पनि सहभागीता रहेको छ।

| बागमती प्रदेश सहकारी विकास बोर्डले आयोजना गरेको कार्यक्रमहरु | | | | |
|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमको नाम | मिति | सहभागी | स्थान |
| १. | सहकारी क्षेत्रमा देखिएका समस्या र निराकरण विषयक अन्तर्क्रिया कार्यक्रम | २०८० जेठ ३० र ३१ गते | अध्यक्ष, सचिव र व्यवस्थापक | हेटौंडा, मकवापुर |
| २. | सहकारी सञ्चालन सम्बन्धी समसामयीक विषयमा जिल्लास्तरिय अन्तर्क्रिया कार्यक्रम | २०८० असार १६ गते | अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, १ जना सञ्चालक र व्यवस्थापक | ललितपुर |
| ३. | सहकारी सञ्चालन सम्बन्धी समसामयीक विषयमा जिल्लास्तरिय अन्तर्क्रिया कार्यक्रम | २०८० असार २३ गते | २ जना सञ्चालक र व्यवस्थापक | काभ्रेपलाञ्चोक |

## १०. समन्वय र सहकार्य

क) सहकारी अभियानसँग समन्वय गरी संघीय, प्रादेशिक र स्थानिय सरकारसँग कार्यक्रमहरुमा सहभागी हुँदै सहकारी क्षेत्रका समस्याहरुलाई समाधान गर्ने पहलकदमीमा लाग्ने काम भइहरेको छ । संघले चालू आ.व. देखी १३ वटै जिल्लास्तरका संघहरुसँगको समन्वयमा सोही जिल्लाका स्थानीय पालिकाहरुसँगको राय सल्लाह बमोजिम समसामयीक विषयमा सहकारी शिक्षा लक्षित कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गरिरहेको छ।

ख) बागमती प्रदेश सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले पारित गरेको बागमती प्रदेशको सहकारी सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड २०७९ बमोजिम गठित समिति र टोली मार्फत् संघका अध्यक्ष र कर्मचारीहरुले मन्त्रालयसँगको समन्वयमा कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गर्दै आईरहेको छ।

ग) बागमती प्रदेश सहकारी महाशाखाको कार्यादेश अनुरुप संघले विगत ११ वर्षदेखी निष्कृय रहेको जिल्ला सहकारी संघ लिमिटेड सिन्धुपाल्चोकको साधारण सभा गर्नको लागि सो जिल्लाका सहकारीकर्मीहरुसँग समन्वय गरि मिति २०७९ फागुन १९ गते साधारण सभा सम्पन्न गराई नयाँ सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको समेत निर्वाचन गराई सो को प्रतिवेदन प्रदेश सहकारी महाशाखामा पेश गरिएको थियो।

## ११. पहलकदमी

संघको तर्फबाट समय समयमा राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, केन्द्रीय संघहरु, प्रदेश विषयगत संघ तथा जिल्ला संघहरु लगायत विभिन्न फोरम तथा मञ्चहरुमा सहकारी क्षेत्रमा देखिएका समस्याहरुको समाधानका लागि कार्यदलमा प्रतिनिधित्व गर्दै छलफल र कार्यक्रममा विशेष रुपमा आवाज उठाउँदै आईरहेको छ। सहकारीमा देखिएका विविध समस्या समाधानका लागि संघले गरेका पहलकदमीहरु निम्न अनुसार प्रस्तुत गरिएको छ :

| क्र.स | पहलकदमी | स्थान | मिति | साझेदारी |
|---|---|---|---|---|
| १. | प्रदेश सहकारी ऐन, नियमावली कार्यान्वयन र संशोधनमा साझा पहल विषयक अन्तरर्क्रिया गोष्ठी | अल्फा हाउस, नयाँ बानेश्वर | २०८०/०३/१० | बागमती प्रोस्कून |

| क्र.स | पहलकदमी | स्थान | मिति | साझेदारी |
|---|---|---|---|---|
| २. | राष्ट्रिय सहकारी महासंघको नेतृत्वमा सहकारीको समस्या समाधान गर्नका लागि गठित सहकारी समस्या समाधान सहजीकरण कार्यदलमा प्रतिनिधित्व | नयाँ बानेश्वर, काठमाण्डौ | २०८०/०२/१६ | |

ख) मिति २०८० असार १० गते आयोजित "प्रदेश सहकारी ऐन, नियमावली कार्यान्वयन र संशोधनमा साझा पहल" विषयक अन्तरर्क्रिया गोष्ठी कार्यक्रमबाट प्राप्त सुझाव सहितको बुँदाहरुलाई बागमती प्रदेश सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका सचिव, प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष र प्रदेश सहकारी महाशाखाका रजिष्ट्रार समक्ष मिति २०८० श्रावण ७ गते संघका अध्यक्षको नेतृत्वमा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेडका अध्यक्ष सहितको टोलि मार्फत् पेश गरिएको थियो।

**१२. सम्मान तथा प्रोत्साहन कार्यक्रमको शुरुवात**

संघले आफ्ना सदस्य संघ/संस्थाहरुको प्रोत्साहनका लागि चालू आ.व. बाट संघको सम्मान तथा प्रोत्साहन नीति सञ्चालक समितिबाट पारित गरि विभिन्न विधामा पुरस्कार तथा सम्मान कार्यक्रमको शुरुवात गरिएको छ।

क) उत्कृष्ट सहकारी अभियान्ता — १ जना
ख) उत्कृष्ट प्रदेश/जिल्ला/सहकारी संघ/विषयगत संघ — १ वटा
ग) उत्कृष्ट सहकारी संस्था — १ वटा
घ) उत्कृष्ट सहकारी संस्था (महिला) — १ वटा
ङ) प्रदेश उत्कृष्ट व्यवस्थापक (संघहरु मध्येबाट) — १ जना
च) प्रदेश उत्कृष्ट व्यवस्थापक (संस्थाहरु मध्येबाट) — १ जना
छ) सहकारी सञ्चारकर्मी — १ जना
ज) संघको उत्कृष्ट कर्मचारी — १ जना
झ) उत्कृष्ट पदाधिकारी एवम् सञ्चालक सम्मान (सदस्य संघ/संस्था) — १ जना

**श्रद्धेय अध्यक्षज्यू लगायत उपस्थित महानुभावहरु,**

**अब म संघको आगामी योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु,**

१. सदस्यता वृद्धि : यस आ.व.मा ५०० संघ/संस्थाहरुलाई सदस्य बनाउने लक्ष्य लिइएको छ।

२. शिक्षा तथा तालिम : संघबाट आफ्ना सदस्य संघ संस्थाहरुको विकास र प्रवर्द्धनका लागि माग र आवश्यकताको आधारमा कम्तिमा ५ वटा तालिम कार्यक्रम संचालन गरिने छ।

३. समन्वय र सहकार्य : सहकारी अभियानलाई सशक्त र सुदृढ बनाउनका लागि सबै सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गदै अगाडी बढ्ने छ। सहकारी क्षेत्रको नेतृत्वदायी संघ राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक लिमिटेडका अतिरिक्त प्रदेशको विभागीय मन्त्रालय, प्रदेश सहकारी विकास बोर्ड र स्थानीय पालिकाहरुसँग समन्वय र सहकार्य गरिनेछ। साथै अन्य केन्द्रिय संघहरु र प्रदेश विषयगत संघहरुसँग पनि आवश्यक सहकार्य गरिने छ। जिल्लास्तरका संघहरु र प्रारम्भिक संस्थाहरुसँग विशेष सहकार्य र समन्वय गरेर कार्यक्रम सञ्चालन गरिने छ।

४. साझेदारी कार्यक्रम : संघले बागमती प्रदेश सरकार, विभागीय मन्त्रालय, प्रदेश सहकारी विकास बोर्ड र प्रदेश सहकारी महाशाखासँग सहकार्य र समन्वय गर्दै सहकारी सम्बन्धी बहस, पैरवी, तालिम, अन्तरक्रिया, गोष्ठी र सेमिनार कार्यक्रमहरु प्रारम्भिक संस्थाहरु तथा संघहरुसँग साझेदारीमा सञ्चालन गर्नेछ। जसले गर्दा सहकारीका सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गर्नका लागि सहज वातावरणको सिर्जना हुने र सहकारीको व्यवस्थित सञ्चालनमा प्रभावकारिता ल्याउनेछ।

५. संघ संस्था प्रवर्द्धन : प्रदेश सरकार, सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र अन्य मन्त्रालय तथा निकायहरुकसँग सम्बन्ध विकास गरी समग्र सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि कार्य सञ्चालन गरिने छ। साथै प्रदेश सहकारी ऐन, नियमावली, मापदण्ड, कार्यविधिहरु लगायत नीतिहरु समय सापेक्ष सुधार एवम् परिमार्जनका लागि पहल गर्ने र संघले आफ्ना छाता भित्र रहेका संघ/संस्थाहरुको विकास तथा प्रवर्द्धनमा सदैव क्रियाशिल रहने छ।

६. संघ/संस्था अनुगमन : संघले सहकारी ऐनमा समेत व्यवस्था भएको सरकार र संघहरु मिलेर आफ्ना छाता भित्र रहेका संघ संस्थाहरुको नियमित रुपमा अनुगमन गरी आवश्यक राय सुझाव प्रदान गर्नेछ । त्यसैगरी "बागमती प्रदेशका सहकारीहरुको सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड २०७९" मा व्यवस्था भए बमोजिम संघले विभागीय मन्त्रालयको अनुगमन समिति र अनुगमन टोलीमा सक्रिय रुपमा सहभागी भई संघ/संस्थाहरुको अनुगमन गर्नेछ ।

७. स्थापना दिवस : संघको स्थापना दिवश मनाउने नीति अनुरुप संघको विधिवत् रुपमा स्थापना भएको अवसरमा प्रत्येक वर्ष श्रावण महिनाको १३ गते रचनात्मक र सामाजिक कार्यक्रम सञ्चालन गरी स्थापना दिवस मनाइने छ ।

८. संघीय ऐन र नियामावलीको संशोधन गर्न पहल गर्ने लगायत कार्यविधि, निर्देशिका, मापदण्डको निर्माण र परिमार्जनको लागि र सहकारी मैत्री कानुन बनाउन केन्द्रिय, प्रादेशिक र जिल्ला संघहरुसँगको सहकार्यमा अगाडी बढ्ने ।

९. प्रदेशमा सहकारी मन्त्रालयको स्वीकृत नीति तथा कार्यक्रम अनुरुप सिङ्गो सहकारी क्षेत्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि संघले विशेष रुपमा पहलकदमी गरि प्रदेशस्तरका अन्य विषयगत संघ, जिल्लास्तरका संघ र स्थानिय सञ्जालहरुसँग हातेमालो गर्दै कार्यक्रमहरु सञ्चालन गरिने छ । प्रदेशभित्रका स्थानिय सरकारहरुसँग सम्बन्ध स्थापित गरि थप मनबुत बनाउँदै लगिने छ ।

१०. चालू आर्थिक वर्षमा "१ जिल्ला न्यूनतम १ कार्यक्रम"को नीति अनुरुप प्रदेश भित्रका १३ वटै जिल्ल्लाहरुमा माग र आवश्यकता बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छन् । जसका लागि जिल्ल्लाका संघहरु र पालिकाहरुसँग सहकार्य गरिने छ ।

११. आवश्यकताका आधारमा सरोकारवालाहरु एवं संघ/संस्थाहरुको सहभागीतामा छलफल, अन्तर्क्रिया र गोष्ठी कार्यक्रमहरु गरिने छ ।

१२. संघको प्रभावकारी सञ्चालनका लागि सहयोग हुने किसिमका व्यवसायिक कार्यक्रमहरु प्रदेश सरकार र स्थानिय सरकारको समेत सहभागीतामा सञ्चालन गर्नका लागि सरोकारवालाहरुसँग पहल गरिने छ ।

१३. बागमती प्रदेशभित्रका सहकारीको अवस्था र आगामी कार्यदिशा निर्धारण गर्नका लागि सम्पूर्ण सरोकारवालाहरुसँगको सहकार्य र समन्वयमा संघको आयोजनामा बागमती प्रदेश सहकारी सम्मेलन गरिने छ ।

१४. सहकारीको तथ्यांक संकलन : बागमती प्रदेशभित्र रहेका सहकारीहरुको यथार्थ विवरण/तथ्यांक लिनका लागि संघले नियामक निकाय र सरोकारवालाहरुसँग मिलेर कार्य गर्ने छ ।

१६. संघका प्राविधिक सहयोगीहरुको साझेदारीमा प्रदेश विषयगत संघ तथा जिल्ला संघ र विषयगत जिल्ला संघहरुलाई प्रविधिको प्रयोगमा जोड दिनका लागि सफ्टवेयरको प्रयोग र वेवसाईट तयार गर्नका लागि सहयोग गरिनेछ ।

१७. बागमती प्रदेशभित्र रहेका सहकारीहरुको यथार्थ विवरण/तथ्यांक लिनका लागि संघले नियामक निकाय र सरोकारवालाहरुसँग मिलेर कार्य गर्ने छ । कम्तिमा चालू आर्थिक वर्षमा सहकारीहरुको यथार्थ तथ्याँक लिन सकेको खण्डमा यसबाट सम्पूर्ण सरोकार वालाहरुलाई आगामी नीति तथा कार्यक्रम निर्माणमा सहयोग मिल्नेछ ।


अन्त्यमा,

यस तेश्रो वार्षिक साधारण सभामा उपस्थित भई कार्यक्रमको शोभा बढाईदिनु भएकोमा प्रमुख अतिथि माननिय मन्त्रीज्यू लगायत मञ्चमा आसिन सम्पूर्ण अतिथिगण र विभिन्न जिल्लाहरुबाट पाल्नुभएका सम्पूर्ण शेयर सदस्य संघ/संस्थाका प्रतिनिधि तथा पत्रकार मित्रहरुमा हार्दिक धन्यवाद् व्यक्त गर्दै संघको उन्नती र प्रगतिमा सहभागी हुनुहुने तथा शुभेच्छा प्रकट गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हृदयदेखि आभार व्यक्त गर्न चाहन्छु । आगामी दिनहरुमा पनि यस्तै किसिमको निरन्तर सहयोग र साथको अपेक्षा राखेको छु । प्रदेश स्तरबाट अभियानको नेतृत्व गरिरहँदा केहि तिता मिठा क्षणहरुमा तपाईंहरुको साथमा रहने प्रतिबद्धता जनाउदैं कार्यक्रमको दोश्रो सत्रमा सबै प्रतिनिधिहरुको सहभागीतामा यो प्रतिवेदन उपर घनिभूत अन्तरक्रिया र छलफल गरी प्रतिवेदनमा उल्लेख भएका कार्यक्रम तथा बजेट पारित गरिदिनुहुन अनुरोध गर्दै यहाँबाट ओझेल पर्न चाहन्छु ।

**धन्यवाद ! जय सहकारी !**

सञ्चालक समितिको तर्फबाट
**भिम प्रसाद दाहाल**
महासचिव

# बागमती प्रदेश सहकारी संघ लिमिटेडको तेश्रो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत कार्यक्रम तथा बजेट



बागमती प्रदेश सहकारी संघ लिमिटेडको यस गरिमामय तेश्रो वार्षिक साधारण सभाको सभाध्यक्ष तथा संघका श्रद्धेय अध्यक्षज्यू, प्रमुख अतिथि बागमती प्रदेश सरकारका माननिय सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रीज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र विभिन्न उप समितिमा रहनुभएका सदस्यज्यूहरु र विभिन्न जिल्लाबाट संघ/संस्थाहरुको प्रतिनिधित्व गर्दै आउनु भएका प्रतिनिधि मित्रहरु, यहाँहरुको व्यस्त समयका बाबजुद उपस्थित भई साधारण सभाको गरिमा बढाइदिनु भएकोमा सम्पूर्णमा न्यानो सहकारी अभिवादन सहित हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

हाल विश्वमा एक किसिमको सन्नाटा छाएको छ, त्यो हो आर्थिक क्षेत्रको न्यून चलायमान र संकुचन। कहिले कोभिड १९ को असर त कहिले रुस-युक्रेनको युद्ध, यस्तै यस्तै घटनाक्रहरुले गर्दा विश्व बजार नकारात्मक रुपले प्रभावित भईरहेको अवस्था छ। अमेरिका जस्तो विश्वको शक्तिशाली अर्थतन्त्र भएको मुलुकमा समेत यसको प्रभावको कारण केहि बैंकहरु बन्द हुने अवस्था बन्न पुग्यो। यसरी विश्वव्यापी रुपमा आएको आर्थिक मन्दीबाट नेपाल पनि अछुतो रहन सक्ने कुरै भएन। नेपालमा पनि अन्य क्षेत्रमा जस्तै सहकारी क्षेत्रमा आर्थिक मन्दीको असर आजका दिनसम्म पनि परिरहेकै छ। सहकारीमा बचत फिर्ताको चाप बढी नै रहेको छ भने तरलताको अभावले गर्दा सहकारीको व्यवस्थित सञ्चालनमा समस्या परिरहेको यथार्थता विद्यमान छ। सहकारीका प्रचलित ऐन, कानुनहरुले पनि सहकारीको समस्या समाधानका लागि खासै केहि गरिहाल्न सकिने अवस्था देखाउन सकेको छैन। सहकारी मैत्री ऐन, नियमहरुको खाँचो वर्तमान समयमा देखिई नै रहेको छ।

मुलुकले अंगिकार गरेको सार्वजनिक, निजी र सहकारी तीन खम्बे अर्थनीतिको मुख्य खम्बाको रुपमा रहेको सहकारी क्षेत्र आज कमजोर देखिनुमा केहि सहकारीका सञ्चालकहरुको कमी कमजोरीहरु होलान् , तर अहिले जसरी ती केहि सहकारीमा देखिएका समस्याहरुलाई अतिरञ्जित गरि सदस्यहरुको मनोबल गिराउने कार्य भईरहेको छ, यसबाट मुलुकको अर्थतन्त्रमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा नकारात्मक असर परिरहेकै छ। त्यसैले यहाँ स्वयं माननिय मन्त्रीज्यू हुनुहुन्छ, म उहाँलाई सहकारीले गरेका योगदानको स्मरण गर्दै वर्तमान सहकारीमा देखिएका समस्याको समाधानका लागि ठोस रुपमा पहल गरिदिनुहुनका लागि विनम्रता पूर्वक निवेदन गर्न चाहन्छु। सहकारीबाट पुँजी पलायन भएर गईरहेको छ, हामि त्यसलाई नियन्त्रण गर्न सकिराखेका छैनौ। नयाँ पुँजी भित्रिने कुनै लक्षण देखिएको छैन, त्यसैले सहकारीमा पुँजी भित्र्याउने किसिमका कार्यक्रमहरुको आवश्यकता रहेको व्यहोरा जानकारी गराउन चाहन्छु।

पछिल्लो समय संघीय सहकारी विभाग, बागमती प्रदेश सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र विभिन्न पालिका तथा वडाहरुले सूचना वा विज्ञप्ती मार्फत् आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारीहरुबाट ऋण लिएर चुक्ता नगर्ने ऋणीहरुलाई सचेत गराउँदै यथासक्दो छिटो ऋण चुक्ता गर्नका लागि गरिएका पहल कदमीहरु सकारात्मक छन्। यसैगरि राम्रोसँग सुशासनमा रहेर सञ्चालन गरिरहेका सहकारीहरुको अनुकरण गर्नका लागि सम्पूर्ण सहकारीकर्मी मित्रहरुमा हार्दिक अपिल गर्दै अब म गत आ.व. २०७९/०८० को यथार्थ, यस आ.व. २०८०/०८१ को संशोधित र आगामी आ.व. २०८१/०८२ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ः

**क) आम्दानी**

| क्र.सं. | विवरण | आ.व. २०७९।८० यथार्थ | आ.व. २०८०।८१ को संशोधित | आ.व. २०८१।८२ अनुमानित |
|---|---|---|---|---|
| १. | प्रवेश शुल्क | ४७,०००।- | १,००,०००।- | २,००,०००।- |
| २. | आवेदन शुल्क | २,०००।- | १०,०००।- | २०,०००।- |
| ३. | व्यवस्थापन शुल्क | ४१,०००।- | ७५,०००।- | १,००,०००।- |
| ४. | कर्जाबाट ब्याज | ८,४३८।- | ११,६८,४००।- | १५,००,०००।- |
| ५. | बैंकबाट ब्याज आम्दानी | ८,५५,७८५.७६।- | ५०,०००।- | ६०,०००।- |
| ६. | तालिम आम्दानी | ३,३३,०००।- | ५,००,०००।- | ६,००,०००।- |
| ७. | विविध आम्दानी | १८,८९४।- | २५,०००।- | ४५,०००।- |
| | **जम्मा** | **१३,०६,११७.७६।–** | **१८,८८,४००।–** | **२५,२५,०००।–** |

**ख) खर्च**

| क्र.सं. | विवरण | आ.व. २०७९।८० यथार्थ | आ.व. २०८०।८१ को संशोधित | आ.व. २०८१।८२ अनुमानित |
|---|---|---|---|---|
| १. | साधारण सभा खर्च | ८४,८६०।- | १,००,०००।- | १,५०,०००।- |
| २. | लेखा परीक्षण खर्च | ११,३००।- | ११,५००।- | १५,०००।- |
| ३. | स्टेशनरी खर्च | ८,७१२।- | १५,०००।- | २५,०००।- |
| ४. | कर्मचारी खर्च | ४,८१,५००।- | ६,५०,०००।- | ७,९०,०००।- |
| ५. | घरभाडा खर्च | ५८,०००।- | १,२०,०००।- | १,३२,०००।- |
| ६. | अतिथि सत्कार खर्च | ४,०३०।- | २४,०००।- | ३०,०००।- |
| ७. | सदस्यता नविकरण खर्च | ११,१००।- | ७,०००।- | ७,०००।- |
| ८. | ह्रासकट्टी | १,०३,०७६।- | १,२५,०००।- | १,५०,०००।- |
| ९. | कर्जा नोक्सानी व्यवस्था खर्च | ४१,०००।- | ७५,०००।- | १,००,०००।- |
| १०. | टेलिफोन, इन्टरनेट खर्च | २५,३६८।- | ३५,५५०।- | ३८,०००।- |
| ११. | सरसफाई | २५,१००।- | ३६,०००।- | ४०,०००।- |
| १२. | व्यवसाय दर्ता | १७,०७०।- | ५,६९०।- | ५,६९०।- |
| १३. | कर्मचारी सञ्चय कोष | ५,१५०।- | ६६,९५०।- | ९०,०००।- |
| १४. | विद्युत तथा पानी | ८,६७०।- | ९,०००।- | ९,५००।- |
| १५. | मर्मत तथा संभार | ८,६००।- | १०,०००।- | ११,५००।- |
| १६. | प्रशिक्षक खर्च | ४९,०००।- | १,००,०००।- | १,५०,०००।- |
| १७. | तालिम कार्यक्रम खर्च | २,६२,७६८।- | ४,१०,०००।- | ५,००,०००।- |
| १८. | व्याज खर्च | १४,८६८.०३।- | १५,०००।- | २०,०००।- |
| १९. | तालिम हल भाडा खर्च | ४५,०००।- | ६०,०००।- | १,००,०००।- |
| २०. | विविध खर्च | २८,८७५।- | ३५,७८०।- | ५०,०००।- |
| | **जम्मा** | **१२,९४,०४७.०३।-** | **१९,११,४७०।-** | **२४,१३,६९०।-** |

**ग) बचत**

| क्र.सं. | विवरण | आ.व. २०७९।८० यथार्थ | आ.व. २०८०।८१ को संशोधित | आ.व. २०८१।८२ अनुमानित |
|---|---|---|---|---|
| १. | कूल आम्दानी | १३,०६,११७.७६।- | १९,८८,४००।- | २५,२५,०००।- |
| २. | कूल खर्च | १२,९४,०४७.०३।- | १९,११,४७०।- | २४,१३,६९०।- |
| ३. | वचत | १२,०७०.७३।- | ७६,९३०।- | १,११,३१०।- |

**घ) सम्पति तथा दायित्व**

| क्र.सं. | विवरण | आ.व. २०७९।८० यथार्थ | आ.व. २०८०।८१ को संशोधित | आ.व. २०८१।८२ अनुमानित |
|---|---|---|---|---|
| १. | शेयर पूँजी | ५३,९५,०००।- | ७५,००,०००।- | १,००,००,०००।- |
| २. | शेयर लगानी | ५,०१,०००।- | ५,०१,०००।- | ६,००,०००।- |
| ३. | स्थिर सम्पति | ४,९८,८०४।- | ५,५०,०००।- | ६,००,०००।- |
| ४. | नगद तथा वैक मौज्दात | ७,१५,३७९.८०।- | ७,२०,०००।- | ७,५०,०००।- |

**ङ) कार्यक्रम बजेट**

चालू आ.व. २०८०/०८१ मा संघले निम्नअनुसारको कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ :

| क्र.स. | कार्यक्रम | स्थान | अनुमानित बजेट | लक्ष्य | लक्षित समुह |
|---|---|---|---|---|---|
| १. | शिक्षा तथा तालिम कार्यक्रम | ललितपुर, भक्तपुर, काठमाण्डौ, रामेछाप | १,००,०००।- | ५ | सञ्चालक/कर्मचारी |
| २. | नियामकसँग साझेदारी तालिम | ललितपुर, सिन्धुपाल्चोक | ५,००,०००।- | २ | सञ्चालक/कर्मचारी |
| ३. | जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम पायोनियर एसोसिएट्ससँग साझेदारीमा | १२ वटा जिल्ला (रसुवा र नुवाकोटको एकै ठाउँमा) | ६,००,०००।- | १२ | जिल्लागत सम्पूर्ण |
| ४. | प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम बागमती प्रोस्कूनसँग साझेदारीमा | काठमाण्डौ, मकवानपुर, दोलखा | ३,००,०००।- | ३ | प्रदेश र जिल्लागत सम्पूर्ण |
| ५. | सदस्य संघ/संस्था अनुगमन कार्यक्रम | काठमाण्डौ, काभ्रे, ललितपुर | १,००,०००।- | १५ | सदस्य संघ/संस्था |
| ६. | नियामकसँगको साझेदारी कार्यक्रम | धादिङ्ग, ललितपुर, सिन्धुली, नुवाकोट, चितवन | ७,००,०००।- | ५ | प्रदेश र जिल्लागत सम्पूर्ण |
| ७. | प्रदेश सहकारी गोष्ठी | ललितपुर | १,००,०००।- | १ | प्रदेश र जिल्लागत सम्पूर्ण |
| ८. | सम्मान तथा पुरस्कार | ललितपुर | १०,०००।- | ४ | प्रदेश र जिल्लागत सम्पूर्ण |
| ९. | कृषि सहकारी र यसको प्रवर्द्धन सम्बन्धी गोष्ठी (प्रदेश कृषि सहकारीसँगको साझेदारीमा) | धादिङ्ग, चितवन | १,००,०००।- | २ | प्रदेश र जिल्लागत सम्पूर्ण |
| १०. | स्थापना दिवश कार्यक्रम | काठमाडौं | १२,५००।- | १ | सम्पूर्ण सहकारीकर्मीहरु |
| ११ | वार्षिक साधारणसभा | ललितपुर | १,००,०००।- | १ | सदस्य संघ/संस्थाहरु |
| | | **जम्मा** | २६,२२,५००।- | ५१ | |

अन्त्यमा,

तेश्रो वार्षिक साधारण सभालाई व्यवस्थित रुपमा सभ्य र भव्यताका साथ सम्पन्न गर्नका लागि आफ्नो महत्वपूर्ण समय प्रदान गरेर पाल्नुभएका प्रमुख अतिथि, विशेष अतिथिहरु, अतिथिगण, संघका सदस्य संघ/संस्थाका प्रतिनिधिज्यूहरु, कर्मचारीवर्ग एवम् प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने महानुभावहरुमा हार्दिक धनयवाद् ज्ञापन गर्न चाहन्छु। त्यसैगरि संघको वार्षिक लेखापरीक्षण गर्ने क्रममा लेखापरीक्षकबाट प्रस्तुत आ.व. २०७९/०८० को लेखापरीषण प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिले पेश गरेको वार्षिक प्रतिवेदन माथि छलफल गरि अनुमोदन गरिदिनुहुनका लागि हार्दिक अनुरोध गर्दै आजको यस सभालाई सफल बनाउन यहाँको तर्फबाट भएको महत्वपूर्ण योगदानको उच्च कदर गर्दै आगामी दिनहरुमा पनि यस्तै साथ र सहयोगको अपेक्षा गर्दै यहाँबाट विदा हुन चाहन्छु।

**धन्यवाद ! जय सहकारी !**

सञ्चालक समितिको तर्फबाट
**टिकाराम भट्टराई**
कोषाध्यक्ष

# बागमती प्रदेश सहकारी संघ लिमिटेडको तेश्रो वार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन



बागमती प्रदेश सहकारी संघ लिमिटेडको तेश्रो वार्षिक साधारण सभाको आध्यक्षता गरिरहनुभएका संघका श्रद्धेय अध्यक्षज्यू, प्रमुख अतिथि एवं बागमती प्रदेश सरकार सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका माननिय मन्त्रीज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिका सहकर्मी मित्रहरु, विभिन्न उप समितिका सदस्यज्यूहरु, व्यवस्थापक र कर्मचारी तथा विभिन्न जिल्लाबाट संघ/संस्थाहरुको प्रतिनिधित्व गर्दै आउनु भएका प्रतिनिधि मित्रहरुमा सर्वप्रथम व्यस्त समयका बाबजुद कार्यक्रममा उपस्थित भई साधारण सभाको गरिमा बढाइदिनु भएकोमा सम्पूर्णमा हृदय देखि आभार व्यक्त गर्न चाहन्छु।

